# लिखु तामाकोशी गाउँपालिका

**स्थानीय राजपत्र**

खण्डः८ संख्याः९ मितिः २०८१\०६\२६

**भाग–२**

## लिखु तामाकोशी गाउँपालिका

# कार्यस्थलमा हुने लैंगिङ्क हिंसा र यौनजन्य दुव्यवहार विरुद्धको आचार संहिता , २०८१

## कार्यस्थलमा हुने लैगिङक हिंसा र यौनजन्य दुव्यवहार विरुद्धको आचार संहिता, २०८१

### पृष्ठभूमि

नेपालको संविधान सबै प्रकारका विभेद र उत्पीडन (लैङगिक तथा सबै प्रकारका वर्गिय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक विभेद) को अन्तय गर्ने संकल्प गर्नुका साथै राज्यका सबै निकायमा समानुपातिक सिद्यान्तको आधारमा सहभागी हुने हक, लगाएत समानताको हक, छुवाछुत तथा भेदभाव विरुद्को हक, शिक्षा सम्बनधी हक, महिलाको, हक बालबालिकाको हक, दलितको हक, सामाजिक न्यायको हक, जेष्ठ नागरिकको हक, सामाजिक सुरक्षाको हक, जस्ता मौलिक हकहरुको प्रत्याभुती गरेको छ। त्यसै गरि महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुल्न गर्ने महासन्धी लगायतका अन्तराष्टिय तथा क्षेत्रीय सन्धी अभिसन्धीहरुमा हस्ताक्षर गरि प्रतिबद्ता जनाएको छ। यसरी लैङ्गिक तथा सामाजिक भेदभाव अन्त्य गर्नको लागि राष्टिय तथा अन्तराष्टिय स्तरमा गरिएका विभिन्न प्रतिबद्ताहरु,कार्यस्थलमा हुने यौनजन्य दुव्यवहार निवारण ऐन, २०७१ विधमान सदाचार तथा सुसंस्कृतिका आवश्यक पक्षलाई समेत समेटेर सुरक्षित स्वच्छ मर्यादित र लैङ्गिक मैत्री कार्यस्थल निर्माणको वातावरण सृर्जना गर्न जरुरी ठानि ऐनको दफा २१ (२) बमोजिम कार्यस्थलमा हुने लैङ्गिक हिंसा र यौनजन्य दुव्यर्वहार नियन्त्रण गर्ने उदेश्यले यो लिखुतामाकोशी गाउँपालिको कार्यस्थलमा हुने लैङ्गिक हिंसा र यौनजन्य दुव्यवहार विरुद्कव आचार संहिता, २०८१ तयार गरि लागु गरिएको छ।

### १. संक्षिप्त नाम र प्रारम्भ

२.१ यो आचार संहिताको नाम लिखुतामाकव गाउपालिकाको कार्यस्थलमा हुने लैङ्गिक हिंसा र यौनजन्य दुव्यवहार विरुद्को आचार संहिता २०८१ रहेको छ।

२.२ यो आचार संहिता कार्यापालिकाको स्वीकृतीपछी तुरुन्त लागु हुनेछ।

### ३. परिभाषा

३.१ "आचार संहिता" भन्नाले कार्यसंथलमा हुने लैङ्गिक हिंसा र यौनजन्य दुव्यवहार विरुद्को आचार संहिता भन्ने बुझनुपर्छ। यस शब्दले कार्यालयकव दैनिक कार्य सञ्चालनका क्रममा कर्मचारीहरु स्वा प्रदायकहरुको कामदारहरु र लाभग्राहीहरु बिच गरिने लैङ्गिक समानताको व्यहार सामाजिक मुल्य मान्यताहरुको मुल्याङक्न गर्नको लागि हुने नैतिक मापदण्ड र स्वअनुशासन समेतलाई बुझाउनेछ।

३.२ "कर्मचारी भन्नाले लिखुतामाकोशी गाउँपालिकामा संलग्न रहि प्रशासनिक तथा प्राविधिक कार्यका लागि तोकीएकव पारिश्रमिक लिई वा नलिई कार्य गरिरहेको व्यत्ती सम्झनुपर्छ।

३.३ "कामदार" भन्नाले गाउँपालिका अन्तर्गत उत्पादन कार्य,सामुदायिक निर्माणकार्य वा सेवा प्रदान गर्ने कार्य वा सो कार्यका लागि प्रयोग भएका घर,जग्गा वा मेशिनरीमा कार्य गर्ने व्यत्ती वा त्यस्तो कार्यसंग सम्बन्धित काम गरे वापत पारिश्रमिक दिई काम लगाएको व्यक्ति सम्झनुपर्छ।

३.४. "लाभग्राही वा सेवाग्राहि" भन्नाले कार्यालयबाट कुनैपनि सेवा प्राप्त गर्ने उदेश्यले कार्यस्थलमा उपस्थित व्यत्ती वा उसको साथमा कार्यस्थमा आएको व्यक्तिलाई समेत सम्झनुपर्छ।

३.५. "कार्यालय" भन्नाले लिखुतामाकोशी गाउँपालिका र अन्तर्गत संचालित कार्यालयलाई सम्झनुपर्छ।

३.६. "ऐन" भन्नाले कार्य स्थलमा हुने यौन जन्य दुव्यवहार निवारण ऐन २०८१ भन्ने बझ्नुपर्छ।

३.७."लैङ्गीक हिंसा" भन्नाल् यस कार्यलयको कुनैपनि व्यक्तिले अन्य कुनै व्यक्ति वा लाभग्राहिलाई लिङ्गको आधारमा शारीरिक, मानसिक, क्षति वा पिडा पुर्याउने कार्य अर्थात लिङ्को आधारमा गरिने कुनै पनि प्रकारको अपमानजनक, पिडाजन्य वा धम्कीपूर्ण व्यवहार, र दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिला पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसंख्यालाई अधिका वा अवसरबाट बन्चित गर्ने कार्यलाई जनाउछ।

३.८. "कार्यस्थल"भन्नाले ऐनमा तोकिए बमोजिम हुनेछ। यस गाउँपालिकाको कार्यस्थललाई सजिलोसंग बुझ्नका लागि गाउँपालिका कार्यालय, वडा कार्यालयहरु, अन्य सेवा प्रदायक संघ संस्थाका कार्यालयहरु, सहकारी संस्थाका कार्यालयहरु, लगायत गैरसरकारी सार्वजनिक सेवाका कृयाकलापहरु सम्पादनको क्रममा प्रयोग हुने स्थलहरु जस्तै सामुदायिक तथा सार्वजनिक भौतिक पूर्वाधार निर्माणस्थल, खेतवारी, अनुसन्धान प्लेट, कृषि वन अध्ययन भ्रमण, बैठक, तालिम, गोष्ठि र यो काममा जाँदा प्रयोग भएका गाडी, घर, होटल टेन्ट आदिबुझ्नुपर्छ।

३.९. "कार्यस्थलमा हुने यौनजन्य दुव्यवहार" भन्नाले दफा ४ बमोजिमको कुनै कार्य सम्झनु पर्दछ।

**४. यौनजन्य दुव्यवहार गरेको मानिने**: (१) कसैले आफ्नो पद शंक्ति वा अधिकारको दुरुपयोग गरि कुने किसिमको दवाव, प्रभाव वा प्रलोभनमा पारि वा हतोत्साहित गरि कुने कर्मचारि वा सेवाग्राहिलाई कार्यस्थलमा देहायका कुनै कार्य गरे वा गराएमा यौनजन्य दुव्यवहार गरेको मानिनेछ।

(क) यौनजन्य आशयले शंरिरकव कुने अङ्गमा छोएमा वा छुने प्रयास गरेमा।

(ख) अश्लिन तथा यौनजन्य क्रयाकलापसंग सम्बन्धित शब्द चित्र पत्रपत्रिका श्रव्य दृश्य सामाग्री अन्य सूचना प्रविधिका साधन वस्तु वा सामग्री वा प्रदर्शन गरेमा।

(ग) लेखेर बोलेर वा इशाराले अश्लिन तथा यौनजन्य आशय प्रर्दशन वा प्रकट गरेमा।

(घ) यौनजन्य कृयाकलापको लागि प्रस्ताव गरेमा।

(ङ) यौनजन्य आशयले जिस्काएमा वा हैरानि दिएमा।

(२) उपदफा (१) को  खण्ड (क) (ख) वा (ग)  मा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक सुचनामूलक अनुसन्धानमूलक उपर वा बचाउको सिलसिलामा गरिएकव कुनै पनि काम कारबाहीलाई यौनजन्य दुव्यवहार गरेको मानिने छैन ।

**५. लैङ्गिक हिंसा हुन नदिन गाउँपालिकाले गर्नु पर्ने कार्यहरुः** कार्यपालिकाको कार्यस्थलमा लैङ्गिक हिंसा हुन नदिन देहाएको कार्यहरु गर्नु पर्नेछ ।

(क) लैङ्गिक हिंसा हुन नदिन कामदार कर्मचारी र प्रशासनबिच निरन्तर सम्पर्क संवाद र छलफल हुने व्यवस्था गर्ने ।

(ख) लैङ्गिक हिंसा विरुद जनचेतना जगाउने विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ग) सिप क्षमता र वृत्ति विकासक कृयाकलापहरुमा महिला कामदार वा महिला कर्मचारी वा लैङ्गिक तथा यौनिक अल्पख्यकलाई प्रात्साहन दिने ।

(घ) लैङ्गिक हिंसा गर्ने कामदार वा कर्मचारी उपर विभागिय कारवाही गर्न कार्यपालिकाले नियमावली विनियमावलीमा आवश्यक प्रावधान राख्ने ।

(ङ) लैङ्गिक हिंसाका घटना घटेको पाइएमा छानविन गरी दोषी उपर कारवाही गर्ने ।

(च) कम्तीमा ४ महिनामा एक पटक बैठक गर्ने ।

(छ) कार्यालयमा लेख्दा बोल्दा र व्यवहार गर्दा लैङ्गिक संवेदनशीलता र शिष्टाचारमा जोड दिने ।

(ज) महिला र पुरुषका लागि छुटाछुटै शौचालयको व्यवस्था गर्ने ।

**६.आचार संहिता कार्यान्वयन तथा अनुगमन समितिः**

६.१. यस आचार संहिताको उल्लंघन हुन नदिन आवश्यक कार्यक्रम सञ्चालन गर्न र यस आचार संहिताकव उल्लंघन भएकव पाइएमा वा यस सम्बन्धि उजुरी परेकोमा छानविन गरी दोषी उपर कारवाहिको लागि सिफारिस गर्न कार्यलयमा देहाय बमोजिमको एक संहिता कार्यान्वयन तथा अनुगमन समिति रहनेछ।

(क) गाउँपालिका उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) प्रशासन शांखाका प्रमुख - सदस्य

(घ) पालिकामा कृयाशील टेड युनियनका प्रतिनिधिहरु मध्य १ जना - सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेकव कम्तीमा एक (महिला कर्मचारी) हुने गरी २ जना - सदस्य

(च) महिला तथा बालबालिका शांखा हेर्ने शांखा प्रमुख - सदस्य सचिव

६.२. समितिको बैठक समितिको संयोजकले तोकेको मिति समय रस्थानमा कम्तीमा ४ महिनामा एक पटक बस्नेछ ।

६.३ समितिको बैठकका लागि कम्तीमा पचास प्रतिसत सदस्यहरुको उपस्थित अनिवार्य हुनेछ।

६.४. समितिको बैठकमा उपस्थिति बहुमत सदस्यको निर्णय मानिनेछ।

६.५. समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यालयमा लैङ्गिक हिंसा तथा यौनजन्य दुव्यवहार हुने कुनै कार्य हुन नदिन प्रशिक्षण अभिमुखिकरण कार्यक्रम जनचेतना अभिवृदी र प्रचार प्रसार गर्ने।

(ख) कार्यालयमा लैङ्गिक हिंसा हुने कुनै कार्य भए गरेको पाइएमा वा उजुरी परेकोमा उजुरीउपर छानविन गरी दोषि उपर कारवाहिका लागि कार्यालय प्रमुख समक्ष सिफारिस गर्ने।

(ग) लैङ्गिक हिंसा विरुद्को कार्ययोजना तयार गर्ने र सो कार्ययोजना कार्यान्वयनका लागि कार्यक्रम तयार गरि कार्यान्वयन गर्ने।

(घ) कार्यालयमा लैङ्गिक हिंसा हुन नदिन आवश्यक सतर्कता अपनाउने।

(ङ) लैङ्गिक हिंसा विरुद्ध संचालित कार्यक्रमकव अनुगमन मुल्यांकन गर्ने।

(च) लैङ्गिक हिंसा सम्बन्धि उजुरी वा गरनासो निवेदन, उजुरी पेटिका, इमेल ,टेलिफोन, फ्याक्स लगायतका माध्यमबाट लिने व्यवस्था मिलाउने।

(छ) लैङ्गिक हिंसा सम्बन्धि उजुरी गर्ने उजुरी कर्ताको नाम ,थर घटनाको पुष्टि नभएसम्म गोप्य राख्ने व्यवस्था गर्ने।

(ज) कार्यस्थलको वातावरण स्वस्थ सुरक्षित पारदर्शी लंङ्गिक मैत्री बनाई लैङ्गिक हिसाकव स्थिति उत्पन्न नहुने व्यव्था गर्ने।

६.६. समितिले आफु समक्ष प्राप्त उनुरी वा गुनासोको सम्बन्धमा छानविन गरी घटनाको प्रकृती ह्री सात दनदेखि बढीमा तीन महिनाभित्र सिफारिस गरीसक्नु पर्नेछ।

**७. आचार संहिताको पालना गर्नुपर्नेः**

७.१. यस आचार संहिताको पालना गर्नु गराउनु सबै व्यत्तिको कर्तव्य हुनेछ।

७.२. यस आचार संहिताको पालना व्यव्थापनमा संलग्न व्यत्तीले समेच गर्नु पर्नेछ।

७.३.यस आचार संहिताकव पालना भए नभएको अनुगमन गर्ने र सो को प्रतिवेदनका लागि आवश्यक सूचनाको विकास गरि कार्यान्वयन गरिनेछ।

| |
|---|
| प्रमाणित गर्ने पदाधिकारी |
| हस्ताक्षरः- |
| नाम थरः- |
| पदः- |
| मितिः- |

## अनुसूची-१
## आचार संहिता

हामीः- ..............................................................................................................................

१. लैङ्गिक तथा जातीय विभेदपूर्ण शब्द तथा व्यवहार गर्ने छैनौँ साथै अस्वाभाविक व्यवहार तथा शब्द (अरुलाई मन नपर्ने शब्द प्रयोग गर्ने छैनौँ।

२. जेष्ठ नागरिक, यौनिक तथा अल्पसंख्यक, महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिप्रति सम्मानजनक तथा सकारात्मक व्यवहार गर्नेछौँ।

३. हिंसाजन्य व्यवहार, दुर्व्यवहार (जातीय छुवाछुत, लैङ्गिक विभेद तथा अपमान) गर्ने छैनौं र अरूले गरेको पनि सहने छैनौँ।

४. लैङ्गिक तथा जातीयताको आधारमा अरुलाई पिडादायक (Harassment) बोली, वचन तथा व्यवहार गर्ने छैनौँ।

५. आ-आफ्नो जिम्मेवारी इमान्दारीतापूर्वक पूरा गर्नेछौं र सेवा दिंदा तथा लिँदा विभेद गर्ने छैनौँ।

६. लिङ्ग तथा जातीयताको आधारमा कुनै पनि व्यक्तिको कार्य क्षमताप्रति शंका तथा उपशंका गरेर हतोत्साहित गर्ने छैनौँ।

७. कार्यालयमा कसैले कसैलाई दुर्व्यवहार गरेमा सम्बन्धित जिम्मेवार व्यक्तिलाई जानकारी गराउनेछौँ र शून्य सहनशीलताको नीतिलाई अवलम्बन गर्नेछौँ।

८. सबैमा सम्मान, सद्भाव र सहयोगी व्यवहार गर्नेछौं र कार्यस्थलमा अरुको निजी कुरा गरेर कार्य सम्बन्ध बिगार्ने छैनौँ। कार्यस्थलको वातावरण स्वस्थ, सुरक्षित, पारदर्शी, निष्पक्ष र लैङ्गिक हिंसा मुक्त बनाउनेछौँ।

१०. लैङ्गिक दुर्व्यवहार सामाजिक रूपमा अमानवीय र कानुनी रूपमा दण्डनीय भएकोले यसलाई पालना गर्नु हरेक नागरिकको कर्तव्य हो।

११. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन, २०८१ अन्तर्गत लिखुतामाकोशी गाउँपालिकाले तयार गरेको आचारसंहिता, २०८१ पालना गर्ने  २०८१ पालना गर्ने प्रतिवद्धता गर्दछौँ।